# **खोट**

**सन्तोष लामिछाने**

**म्याडीसन, विस्कन्सीन, संयुक्त राज्य अमेरीका**

मैले क्षणहरु बगाउँदै गर्दा
तिमी मस्तिष्कको चोटाबाट
चिन्तनको चिउरा चपाउँदै
ममाथि चोर औंला ठड्याउँने गर्छौ

तिमीभित्रै च्याप्पिएर
उकुस मुकुस भएका सपनामा चोबलेर
तिमी मलाई पश्चाताप पस्कने गर्छौ

मरुभूमीमा निरन्तर हिंडिरहेको
एउटा  ऊँटको थकाई मार्ने धोको जस्तोगरी
कुण्ठा अनि पूर्वाग्रहको पोको खोतलेर
तिमी मलाई खोटको चश्माले हेर्ने गर्छौ

तर हे आफुले आफैंलाई निर्णायक सोच्ने तिमी
एकपटक स्वच्छ मन लिएर सोच
तटस्थ भएर निस्कर्ष निकालेर हेर
नियोजित होइन निरपेक्ष भएर फैसला गर

अनि तिम्रा जन्मान्ध इन्द्रियहरुले
क्षणहरु बग्दै गर्दा सृष्टिका हजारौं रङ्गहरु देख्नेछन्
निस्लोट तिम्रा संवेदनाहरु
मानवताका दृष्टान्त भएर जाग्नेछन्
तिमीले निर्जीव देखेर इन्कार गरेका सृष्टिका थुप्राहरु
सिर्जनाका उत्पात ठुला इमारत भएर उठ्नेछन्
→

सँग सँगै
क्षणकै छहारीमा तिमी आफैँ पनि
उत्तरोत्तर उन्मुक्त हुँदै जानेछौ
अनि उन्माद र उत्साहका उदयले
खोटको उत्पत्ति हुनै छाड्नेछ
खोटको उत्पत्ति हुनै छाड्नेछ ।

धन्यवाद ।।

Last revised: Thursday, June 02, 2011